# नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समितिद्वारा जारी

## प्रदेश समिति निर्वाचन कार्यविधि निर्देशिका,२०७४

नेपाल पत्रकार महासंघको मिति २०७५/०१/२२ मा हुन गइरहेको प्रदेश समितिको निर्वाचनलाई स्वच्छ मार्यादित् एवं पारदर्शी तथा विधिसम्मत् रुपमा सञ्चालन गर्न नेपाल पत्रकार महासंघको विधान, २०६० (चौथो संशोधन २०७३ सहित) को धारा ३५ (३) (क) बमोजिम केन्द्रीय निर्वाचन समितिद्वारा देहाय बमोजिम निर्वाचन कार्यविधि निर्देशिका, २०७४ जारी गरिएको छ ।

१. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. यस निर्देशिकाको नाम नेपाल पत्रकार महासंघ प्रदेश समितिको निर्वाचन कार्यविधि निर्देशिका, २०७४ रहेको छ ।

२. यो निर्देशिका निर्वाचन समितिको मिति २०७४ चैत्र २९ गते बसेको बैठकबाट पारित भई लागु भएको छ ।

३. यस निर्देशिकामा "निर्वाचन समिति" भन्नाले नेपाल पत्रकार महासंघको विधानको धारा १६ (२) (क) बमोजिमको प्रदेश समितिको निर्वाचन सम्पन्न गर्नका लागि २०७४ फागुन २१ र २२ गतेको केन्द्रिय समितिको निर्णय बमोजिम जारि गरिएको प्रदेश समिति निर्वाचन (कार्यविधि) निर्देशिका, २०७४ को नियम २३ बमोजिम गठन भएको केन्द्रिय निर्वाचन समितिलाई सम्झनु पर्दछ ।

४. "उम्मेदवार" भन्नाले नेपाल पत्रकार महासंघको विधान बमोजिम प्रदेश समितिको पदाधिकारी र सदस्य पदको उम्मेदवार सम्झनु पर्दछ ।

५. "महासंघ" भन्नाले नेपाल पत्रकार महासंघलाई सम्झनु पर्दछ ।

६. "प्रदेश समिति" भन्नाले नेपाल पत्रकार महासंघको विधानको धारा १६ (२) बामोजि व्यवस्था भएको समितिलाइ सम्झनु पर्दछ ।

७. "अनूसूची" भन्नाले निर्वाचन कार्यविधि निर्देशिकाको, २९७४ को अनूसूचीलाई सम्झनुपर्छ ।

२. मतदाता नामावली सम्बन्धमा

१. नेपाल पत्रकार महासंघको प्रदेश समितिको निर्वाचनमा सहभागी हुन पाउने मतदाताको नाम केन्द्रीय समितिले निर्वाचन समितिलाई २०७४ चैत्र ३० गतेसम्म उपलब्ध गराउनु पर्नेछ ।

२. उपनियम (१) बमोजिम प्राप्त नामावलीलाई नै मतदाता नामावली मानिने छ ।

३. केन्द्रीय समितिले सम्बन्धित प्रदेश समितिका पदाधिकारीहरु र सदस्यहरुलाई मतदान गर्न पाउने सबै मतदाताहरुको नाम निर्वाचन समितिलाई पठाउनु पर्नेछ ।

४. महासंघको केन्द्रीय समितिले केन्द्रिय निर्वाचन समितिलाई उपलब्ध गराएको नामलाई आधार मानी निर्वाचन हुनुभन्दा अगावै अनुसूची-१ मा उल्लेखित कार्यतालिका बमोजिम निर्वाचन समितिले मतदाता नामावली प्रकाशन गर्नेछ ।

५. मतदाता नामावलीमा कसैको नाम छुट भएमा वा नाम गलत प्रकाशन भएमा वा नपर्नु पर्ने नाम समावेश भएमा दाबी विरोध गर्न अनुसूची-१ मा उल्लेख भए बमोजिम समय दिइनेछ । मतदाता नामावलीउपर दाबी विरोध गर्नेले सम्बन्धित शाखाको निर्वाचन समिति समक्ष निवेदन दिनुपर्नेछ । प्रतिष्ठान र संस्थागत शाखाहरुको मातदाता नामावलीउपर दाबी विरोध गर्नेले केन्द्रीय निर्वाचन समिति समक्ष निवेदन दिनुपर्नेछ ।

६. उपनियम ५ बमोजिम कुनै दाबी विरोध परेमा सम्बन्धित निर्वाचन समितिले आवश्यक जाँचबुझ गरी उपनियम २ बमोजिम नै मतदाताको अन्तिम नामावली प्रकाशन गर्नेछ । अन्तिम मतदाता नामावली प्रकाशित भएपछि सो नामावलीमा कुनै परिवर्तन गरिने छैन ।

## ३. निर्वाचन हुने पद र मतदाता सम्बन्धी व्यवस्था

महासंघको विधानको धारा १६(२)(क) अनुसार महासंघको प्रदेश समितिको निम्न पदमा निम्न अनुसारका मतदाता भई निम्न अनुसार निर्वाचन हुनेछ :

| क सं | पद | निर्वाचित हुने संख्या | मतदाता **सम्बन्धित प्रदेशका सबै सदस्यहरु नामावलीमा नाम भएका** |
|---|---|---|---|
| १. | अध्यक्ष | १ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| २. | उपाध्यक्ष -१<br>उपाध्यक्ष (महिला) -१ | २ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ३. | महासचिव | १ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ४. | सचिव -१<br>सचिव (समावेशी) -१ | २ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ५. | कोषाध्यक्ष | १ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ६. | सदस्य (खुला) | ५ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ७. | सदस्य (महिला) | ३ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ८. | सदस्य (दलित) | १ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |

| | | | |
|---|---|---|---|
| ९. | सदस्य (आदिवासी जनजाती) | २ | सम्वन्धित प्रदेशका सबै मतदाताहरु |
| १०. | सदस्य (मधेशी) | २ | सम्वन्धित प्रदेशका सबै मतदाताहरु |
| ११. | सदस्य (अल्पसंख्यक/अपाङ्गता) | १ | सम्वन्धित प्रदेशका सबै मतदाताहरु |

४. **निर्वाचन कार्यतालिका सम्बन्धमा**

निर्वाचन कार्यक्रम अनुसूची-१ बमोजिम सञ्चालन हुनेछ । तर केन्द्रिय निर्वाचन समितिले आवश्यकता अनुसार निर्वाचन कार्यतालिकामा हेरफेर गर्न सक्नेछ ।

५. **उम्मेदवारी दर्ता तथा उम्मेदवार हुन आवश्यक योग्यता सम्बन्धमा**

१. निर्वाचनमा उम्मेदवार हुन चाहने कुनै पनि मतदाताले अनुसूची-१ मा निर्धारित निर्वाचन कार्यतालिका अनुसार उम्मेदवारको मनोनयन गर्न पाउने छन् ।

२. प्रदेश समितिमा उम्मेदवार बन्न चाहने योग्यता पुगेको व्यक्तिले केन्द्रीय निर्वाचन समितिले तोकेको कार्यतालिका अनुसार केन्द्रीय निर्वाचन समितिले तोकेको बैंक खातामा रकम जम्मा गरेको भौचरको सक्कलप्रति सहित प्रदेशको अस्थायी राजधानी भएको शाखा स्तरीय निर्वाचन समितिमा उम्मेदवारी दिनुपर्नेछ । प्रतिष्ठान, एशोसियट र उपत्यका प्रदेशको हकमा भने केन्द्रीयस्तरको निर्वाचन समितिको कार्यालयमा उम्मेदवारी दर्ता गराउनु पर्नेछ ।

३. उम्मेदवार हुनका लागि अनुसूची २ बमोजिमको ढाँचामा मनोनयन पत्र दाखिल गर्नुपर्नेछ ।

४. उम्मेदवारले मनोनयन दर्ता गर्दा आफ्ना मतदातामध्ये एकजनाले प्रस्ताव गरेको र एकजनाले समर्थन गरेको हुनुपर्नेछ । प्रस्तावक समर्थक मताधिकार अनुसार हुनु पर्नेछ ।

५. मनोनयन दर्ताको साथमा पदाधिकारी तथा सदस्य पदका उम्मेदवारले देहाय बमोजिमको मनोनयन शुल्क बुझाएको सक्कलप्रति भौचर दाखिल गर्नु पर्नेछ :

क. अध्यक्ष रु. ७,०००।- (सात हजार )

ख. उपाध्यक्ष रु. ५,०००।- (पाँच हजार )

ग. महासचिव रु. ५,०००।- (पाँच हजार )

घ. सचिव रु, ५,०००।- (पाँच हजार )

ङ. कोषाध्यक्ष रु. ५,०००।- (पाँच हजार )

च. सदस्य रु. ४,०००।- (चार हजार )

६. उपनियम ४ बमोजिम दाखिला भएको उम्मेदवारी शुल्क फिर्ता गरिने छैन ।

७. कुनै उम्मेदवार मनोनयन गर्न निर्वाचन कार्यालयमा उपस्थित हुन नसक्ने भएमा वारेसमार्फत समेत, उम्मेदवारी दर्ता गराउन सक्नेछ ।

८. महासंघको केन्द्रीय समिति, लेखा समिति तथा शाखा समितिहरुमा बहाल रहेका निर्वाचित पदाधिकारी तथा सदस्यहरु यस निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

९. महासंघको प्रदेश समितिको अध्यक्ष पदमा उम्मेदवार हुन चाहने व्यक्तिले महासंघको प्रदेश समितिको निर्वाचन सम्पन्न गर्नका लागि २०७४ फागुन २१ र २२ गतेको केन्द्रिय समितिको निर्णय बमोजिम जारि गरिएको **प्रदेश समिति निर्वाचन (कार्यविधि) निर्देशिका २०७४** को नियम ११ अनुसार निरन्तर ७ (सात) वर्ष र अन्य पदका लागि निरन्तर ५ (पाँच) वर्ष महासंघको अविच्छिन्न सदस्य भएको हुनु पर्नेछ । यस प्रयोजनका लागि वर्ष गणना गर्दा अन्तिम मतदाता नामावली प्रकाशन गरिएको दिनसम्म ७ र ५ वर्ष पूरा भएको हुनु पर्नेछ ।

## ६. उम्मेदवारको नामावली प्रकाशन

मनोनयन दर्ता भएपछि उम्मेदवारको नामावली प्रकाशन गरिने छ र यसरी प्रकाशन गर्दा पद र निर्वाचन क्षेत्रका आधारमा देवनागरी लिपीको वर्णानुक्रमानुसार उम्मेदवारको नाम उल्लेख गरिनेछ ।

## ७. उम्मेदवारको नाम उपर छानबिन तथा दाबी विरोध

१. उम्मेदवारले पेश गरेको मनोनयन फाराम निर्वाचन समितिले छानबिन गर्दा फारम भर्दा पेश गर्नु पर्ने विवरण पूरा नभएमा वा सम्बन्धित प्रदेशको मतदाता नामावलीमा नाम नभएमा त्यस्ता उम्मेदवारको उम्मेदवारी रद्द हुनेछ र उम्मेदवारको सूचीबाट कारण उल्लेख गरी नाम हटाइनेछ ।

२. उम्मेदवारको नामावली प्रकाशन भएपछि कुनै पनि मतदाताले कुनै उम्मेदवारको योग्यता पूरा नभएको वा अन्य दाबी विरोध गर्नुपर्ने कारण उल्लेख गरी निर्वाचन कार्यविधि अनुसारको कार्यतालिका बमोजिम निर्धारित समयभित्र दाबी विरोध गर्न पाउने छन् । यस्तो दाबी विरोधमा उल्लेखित व्यहोरा सत्य ठहरिएमा त्यस्ता उम्मेदवारको नाम उम्मेदवारको सूचीबाट हटाइनेछ ।

३. कुनै उम्मेदवारको अयोग्यताको सम्बन्धमा प्रश्न उठेमा आफू योग्य भएको प्रमाण उम्मेदवार स्वयम्ले पेश गर्नुपर्नेछ र सो को निरुपण महासंघको केन्द्रीय कार्यालयको अभिलेखको आधारमा गरिनेछ ।

## ८. उम्मेदवारी फिर्ता लिन समय दिईने

निर्वाचन कार्यविधि अनुसारको कार्यतालिका बमोजिम निर्धारित समयभित्र कुनै उम्मेदवारले नाम फिर्ता लिन चाहेमा सम्बन्धित निर्वाचन समिति समक्ष आफै उपस्थित भई निवेदन दिई नाम फिर्ता लिन सक्ने छ ।

९. उम्मेदवारको अन्तिम नामावली प्रकाशन

१. उम्मेदवारी फारामको छानबिन, दाबी विरोध तथा नाम फिर्ता लिने समय समाप्त भएपछि उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ ।

२. अन्तिम नामावली प्रकाशन गर्दा पद र निर्वाचन क्षेत्रका आधारमा देवनागरी लिपीको वर्णानुक्रमानुसार उम्मेदवारको नामावली प्रकाशन गरिनेछ ।

१०. मतपत्र सम्बन्धी व्यवस्था

१. मतपत्रको नमूना अनुसूची-३ बमोजिम हुनेछ ।

२. मतपत्रमा सम्बन्धित निर्वाचन समितिको कुनै एक सदस्य र मतदान अधिकृतको हस्ताक्षर हुनेछ ।

३. मतदान गर्ने समयमा मतपत्र च्यातिएमा वा मतदाताले निर्दिष्ट उम्मेदवारलाई मतदान गर्न असमर्थ भई मतपत्र परिवर्तन गर्न चाहेमा मतदान अधिकृतले मतपत्रलाई आफ्नो नियन्त्रणमा लिई सोको व्यहोरा जनाई अर्को मतपत्र जारी गर्न र मतदानको अन्त्यमा सो को मुचुल्का उठाउनु पर्नेछ ।

११. मतदान अधिकृत, मतगणना अधिकृत तथा अन्य कर्मचारीहरु नियुक्त गर्न सकिने

निर्वाचन समितिले मतदान, मतगणना तथा निर्वाचन कार्यक्रमलाई सुचारु एवं व्यवस्थित गर्नका लागि मतदान अधिकृत, मतगणना अधिकृत तथा अन्य आवश्यक कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

१२. मतदानको व्यवस्थापन

१. सम्बन्धित निर्वाचन समितिले मतदानस्थल तोकि निर्वाचन कार्यतालिका अनुसार मतदान गर्ने व्यवस्था मिलाउने छ ।

२. मतदाता नामावलीमा रहेको नाममा हस्ताक्षर गराइसके पछि मात्र मतपत्र प्रदान गरिनेछ ।

३. मतदानको समयमा मतदानस्थलमा निर्वाचन समितिको अनुमति प्राप्त भएको व्यक्तिलाई बाहेक अन्यलाई प्रवेश दिइने छैन ।

४. निर्वाचन गोप्य मतदानको आधारमा सम्पन्न गरिनेछ ।

५. मतदानका लागि निर्दिष्ट गरिएका तरिका बमोजिम मतदानमा सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

६. मतदान गर्न जाँदा गोप्य मतदान स्थलमा क्यामरा र मोवाइल फोन लिएर जान पाइने छैन ।

१३. **मतगणना सम्बन्धी व्यवस्था**

१. मतदान कार्य समाप्त भएपछि मतगणना प्रारम्भ गरिनेछ ।

२. मतगणना स्थलमा निर्वाचन समितिले तोकेका बाहेक अन्य व्यक्तिलाई प्रवेश दिइने छैन ।

३. कुनै शाखामा निर्वाचन स्थगीत भएमा सो शाखा रहेको प्रदेशभरको मतगणना स्थगीत हुनेछ र निर्वाचन स्थगीत भएको शाखामा मतदान सम्पन्न भएपश्चात मात्र सबै शाखाको मतगणता शुरु गरिनेछ । यदि कुनै शाखामा निर्वाचन सम्पन्न हुनै नसक्ने अवस्था आएमा महासंघको केन्द्रीय समितिले आवश्यक निर्णय गर्नेछ ।

१४. **सदर मत र बदर मत निर्धारण**

१. सदर मत र बदर मतको निर्धारण अनुसूची-४ बमोजिम गरिनेछ ।

२. सदर मत वा बदर मत सम्बन्धमा सम्बन्धित निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

१५. **मत परिणामको घोषणा**

१. सम्बन्धित प्रदेशको सम्पूर्ण पदको मतगणना समाप्त भएपछि केन्द्रीय निर्वाचन समितिले मतपरिणाम प्रकाशन गर्नेछ ।

२. सम्बन्धित निर्वाचन समितिबाट प्राप्त भएको मतगणनाको विवरण निर्वाचन समितिमार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ । निश्चित संख्याको मतगणना सकिएपछि सम्बन्धित निर्वाचन समितिले केन्द्रीय निर्वाचन समितिलाई मत परिणामको जानकारी दिनु पर्नेछ । साथै सम्बन्धित मतगणना स्थलमा सार्वजनिक समेत गर्न सक्नेछ । केन्द्रीय निवाएचन समितिले घोषणा गरेको मतपरिणाम मात्र आधिकारिक मानिनेछ ।

१६. सबै प्रदेशका निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई अनुसूची-५ बमोजिमको ढाँचामा केन्द्रीय निर्वाचन समितिले प्रमाणपत्र दिनेछ ।

१७. **मतपत्र र निर्वाचन सम्बन्धी सामग्रीको सुरक्षा**

१. निर्वाचन सकिएपछि निर्वाचनको क्रममा सम्बन्धित निर्वाचन समितिलाई प्राप्त कागजात, मतपत्र तथा अन्य सामग्रीहरु सम्बन्धित निर्वाचन समितिले सिलबन्दी गरी महासंघको सम्बन्धित शाखालाई हस्तान्तरण गर्नेछ । केन्द्रीय निर्वाचन समितिको हकमा महासंघलाई हस्तान्तरण गर्नेछ ।

२. महासंघलाई सामग्री हस्तान्तरण गरेपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

१८. निर्वाचन कार्यालय

निर्वाचन समितिको कार्यालय महासंघको केन्द्रीय कार्यालय, संचारग्राम तिलगंगामा रहनेछ र निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यक्रमको जानकारी महासंघ कन्द्रीय कार्यालयको सूचनापाटी र वेबसाइटमार्फत सार्वजनिक गरिनेछ । सम्बन्धित शाखाको निर्वाचन कार्यालय महासंघको सम्बन्धित शाखा कार्यालय वा शाखा समितिले तोकेको स्थानमा हुनेछ ।

१९. उम्मेदवारका तर्फबाट प्रतिनिधि उपस्थित हुन सक्ने

कुनै उम्मेदवारले आफ्नातर्फबाट कार्य गर्नका लागि उम्मेद्वार प्रतिनिधि तोक्नुपर्ने भएमा लिखित रुपमा निर्वाचन समितिलाई जानकारी गराउनुपर्ने छ । त्यस्तो प्रतिनिधिले गरेको कार्य उम्मेदवारले गरेको मानिने छ ।

२०. निर्वाचन प्रचार प्रसार

मतदान हुने क्षेत्रको परिसरभित्र प्रचार-प्रसार कार्य गर्न निषेध गरिने छ ।

२१. निर्वाचन स्थगन भएमा

१. कुनै कारणले तोकिएको कार्यतालिका अनुसार कुनै कार्य सम्पन्न गर्न असमर्थ भएमा निर्वाचन समितिले कार्यतालिकामा आवश्यक हेरफेर गर्न सक्नेछ ।

२. कुनै शाखामा मतदान वा मतगणना कार्य प्राकृतिक प्रकोप वा काबु बाहिरका अन्य परिस्थितिका कारण स्थगित भएमा महासंघको केन्द्रीय समितिले सम्बन्धित शाखाका लागि अर्को उपयुक्त मिति र समयको घोषणा गरी मतदान वा मतगणनाको कार्य अगाडि बढाउन सक्नेछ ।

२२. विधान लागु हुने

यस कार्यविधि निर्देशिकामा उल्लेखित कुनै व्यहोरा महासंघको विधानसँग बाझिएमा महासंघको विधानको व्यवस्था लागु हुनेछ ।

२३. निर्वाचन समितिको निर्णय अन्तिम हुने

यस निर्वाचन कार्यविधि निर्देशिकामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुरामा निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

अनुसूची १

निर्वाचन कार्यतालिका

नियम ४ सँग सम्बन्धित

देहायको कार्यतालिका बमोजिम प्रदेश समितिको निर्वाचन सम्पन्न गरिनेछः

निर्वाचन कार्यतालिका

| | |
|---|---|
| १) मतदाता नामावली प्रकाशन | २०७५ वैशाख ०५ गते बिहान १०:०० बजे |
| २) मतदाता नामावली उपर दाबी विरोध | २०७५ वैशाख ०५ गते बिहान १०:०० बजे देखि ४:०० बजेसम्म |
| ३) अन्तिम मतदाता नामावली प्रकाशन | २०७५ वैशाख ०६ गते दिउँसो १२:०० बजे |
| ४) उम्मेदवारीको मनोनयन दर्ता | २०७५ वैशाख ०७ गते बिहान १०:३० बजे देखि अपरान्ह ३:०० बजेसम्म |
| ५) उम्मेदवारको नामावली प्रकाशन | २०७५ वैशाख ०७ गते साँझ ५:०० बजेसम्म |
| ६) उम्मेदवार उपरको दाबी विरोध तथा | २०७५ वैशाख ०७ गते साँझ ५:१५ देखि वैशाख ९ गते ४:०० बजे सम्म |

उम्मेदवारले नाम फिर्ता लिने

| | |
|---|---|
| ७) उम्मेदवारको अन्तिम नामावली प्रकाशन : | २०७५ वैशाख १० गते बिहान ११:०० बजे |
| ८) मतदान : | २०७५ वैशाख २२ गते बिहान ८:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म |
| ९) मतगणना : | मतदान समाप्त भए पछि लगत्तै । |

निर्वाचन कार्यतालिकामा आवश्यकता अनुसार केन्द्रीय निर्वाचन समितिले फेरबदल गर्न सक्नेछ ।

निर्वाचन निर्देशिका तथा कार्यक्रम नेपाल पत्रकार महासंघको www.fnjnepal.org मा समेत प्रकाशन गरिनेछ ।
*नोटः- केन्द्रीय निर्वाचन समितिको कार्यालय महासंघको केन्द्रीय कार्यालय संचारग्राम काठमाडौंमा रहनेछ ।*
पुनश्चः- अन्तिम नामावली प्रकाशन गर्दा उम्मेदवारको नामावली पद र निर्वाचन क्षेत्रका आधारमा देवनागरी लिपीको वर्णानुक्रमानुसार उम्मेदवारको नाम उल्लेख गरिनेछ ।

निर्वाचन समितिका तर्फबाट

| | | | | |
|---|---|---|---|---|
| बालकृष्ण बस्नेत | धर्मेन्द्र कर्ण | अनिता बिन्दु | अधिवक्ता कपिलचन्द्र पोखरेल | बबिता बस्नेत |
| सदस्य | सदस्य | सदस्य | सदस्य | संयोजक |

अनुसूची २

नियम ५ (३) सँग सम्बन्धित

**उम्मेदवारको मनोनयन फाराम**

म नेपाल पत्रकार महासंघको प्रदेश समितिको निर्वाचनमा उम्मेदवार हुन इच्छुक भएको हुँदा **प्रदेश समिति निर्वाचन कार्यविधि निर्देशिका,** २०७४ को नियम ५(५) मा उल्लेखित मनोनयन शुल्क बुझाएको बैंक भौचरको सक्कलप्रतिं यसै साथ राखी यो मनोनयन पत्र दाखिल गरेको छु।

उम्मेदवारको नाम :

ठेगाना :

उम्मेदवार हुन चाहेको पद :

प्रदेश :

मतदाता क्रम संख्या :

म लगातार ........... वर्ष देखि महासंघको सदस्य रहेको छु। महासंघको **प्रदेश समिति निर्वाचन** (कार्यविधि) **निर्देशिका** २०७४ को नियम ११ बमोजिम आवश्यक योग्यता पूरा भएको घोषणा गर्दछु। तोकिएको योग्यता पूरा नभएको ठहरिएमा मनोनयन रद्द गरेमा मेरो मञ्जुरी छ।

उम्मेदवारको हस्ताक्षर : मिति :

| प्रस्तावक | समर्थक |
|---|---|
| नाम : | नाम : |
| मतदाता क्रमसंख्या /शाखा | मतदाता क्रमसंख्या/ शाखा |
| हस्ताक्षर | हस्ताक्षर |
| | |

निर्वाचन समितिले भर्ने

दर्ता नं : मिति :

निर्वाचन समितिका तर्फबाट आधिकारिक हस्ताक्षर :

**नोट : प्रत्येक उम्मेदवारले आफू उम्मेदवार हुन चाहेको पद (खुला, समावेशी, महिला, दलित, आदिवासी जनजाति, मधेशी, अल्पसंख्यक) सम्बन्धमा स्पष्ट खुलाई मनोनयन फारम बुझाउनु पर्नेछ।**

अनुसूची - ३

नियम १०(१) सँग सम्बन्धित मतपत्र

नेपाल पत्रकार महासंघ, प्रदेश समितिको निर्वाचन - २०७५

पदाधिकारीका लागि मतपत्र

प्रत्येक पदमा १ । १ जनालाई मात्र यस्तो मत संकेत [√] गर्नुहोला ।

अध्यक्ष :

१) ........................................ [ ]

२)........................................ [ ]

३)........................................ [ ]

उपाध्यक्ष :

१) ........................................ [ ]

२)........................................ [ ]

३) ........................................ [ ]

उपाध्यक्ष (महिला) :

१) ........................................ [ ]

२)........................................ [ ]

३) ........................................ [ ]

महासचिव :

१)........................................ [ ]

२)........................................ [ ]

३)........................................ [ ]

सचिव :

१)........................................ [ ]

२)........................................ [ ]

३)........................................ [ ]

सचिव (समावेशी) :

१)........................................

२)........................................

३)........................................

कोषाध्यक्ष :

१)........................................

२)........................................

३)........................................

........................................ ........................................

निर्वाचन समिति सदस्य/मुख्य निर्वाचत अधिकृत मतदान अधिकृत

नेपाल पत्रकार महासंघ

प्रदेश समितिको निर्वाचन - २०७५

**सदस्य पदका लागि मतपत्र**

सदस्य (खुल्ला) कुनै ५ जनालाई मात्र मत संकेत [√] गर्नु होला ।

१)............................................ [ ]

२)............................................ [ ]

३)............................................ [ ]

४)............................................ [ ]

५)............................................ [ ]

सदस्य (महिला) कुनै ३ जनालाई मात्र मत संकेत [√] गर्नु होला ।

१) ............................................ [ ]

२)............................................ [ ]

३)............................................ [ ]

सदस्य (दलित) कुनै १ जनालाई मात्र मत संकेत [√] गर्नु होला ।

१) ............................................ [ ]

२)............................................ [ ]

सदस्य (आदिवासी जनजाति)कुनै २ जनालाई मात्र मत संकेत [√] गर्नु होला ।

१)............................................ [ ]

२)............................................ [ ]

सदस्य (मधेशी) कुनै २ जनालाई मात्र मत संकेत [√] गर्नु होला ।

१)............................................ [ ]

२)............................................ [ ]

सदस्य (अल्पसंख्यक/अपाङ्गता) कुनै १ जनालाई मात्र मत संकेत [√] गर्नु होला ।

१)............................................ [ ]

..........................

निर्वाचन समिति सदस्य/ मुख्य निर्वाचन अधिकृत


..........................

मतदान अधिकृत

## अनुसूची - ४

नियम १४(१) सँग सम्बन्धित

सदर र बदरमत



अनुसूची - ५

नियम १६ सँग सम्बन्धित

नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समितिबाट जारी

प्रमाणपत्र

तपाईं श्री .......................................... नेपाल पत्रकार महासंघको मिति २०७५ वैशाख २२ मा सम्पन्न निर्वाचनबाट ................ प्रदेश समितिको ............................पदमा निर्वाचित हुनु भएको हुँदा बधाइका साथ यो प्रमाणपत्र प्रदान गरिएको छ।

| | | | | |
|---|---|---|---|---|
| ........................ | ........................ | ........................ | ........................ | ........................ |
| धर्मेन्द्र कर्ण | बालकृष्ण बस्नेत | अनिता बिन्दु | अधिवक्ता कपिलचन्द्र पोखरेल | बबिता बस्नेत |
| **सदस्य** | **सदस्य** | **सदस्य** | **सदस्य** | **संयोजक** |

मिति :......................